निर्णय संख्या - ३१

आज मिति २०७६।०५।१३ गतेका दिन धवलागिरी गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक गाउँपालिकाका अध्यक्ष श्री थमसरा पुनको अध्यक्षतामा बसी तपशिल बमोजिमको उपस्थितिमा देहाय बमोजिमको निर्णय गरियो।

**तपशिलः**

| | |
|---|---|
| श्री थमसरा पुन | गा.पा. अध्यक्ष, धवलागिरी गाउँपालिका |
| श्री रेशम छन्त्याल | गा.पा. उपाध्यक्ष, धवलागिरी गाउँपालिका |
| श्री झक बहादुर छन्त्याल | वडा अध्यक्ष, धवालगिरी गाउँपालिका वडा नं. १, गुर्जा |
| श्री गम प्रसाद वि.क. | वडा अध्यक्ष, धवालगिरी गाउँपालिका वडा नं. २, लुलाङ्ग |
| श्री पुर्म पुन | वडा अध्यक्ष, धवालगिरी गाउँपालिका वडा नं. ३, मुना |
| श्री वेग प्रसाद घर्ती | वडा अध्यक्ष, धवालगिरी गाउँपालिका वडा नं. ४, मुदी |
| श्री खर्क कुमारी छन्त्याल | वडा अध्यक्ष, धवालगिरी गाउँपालिका वडा नं. ५, मल्कवाङ्ग |
| श्री राजाराम उपाध्याय | वडा अध्यक्ष, धवालगिरी गाउँपालिका वडा नं. ६, मराङ्ग |
| श्री कलानिधी शर्मा | वडा अध्यक्ष, धवालगिरी गाउँपालिका वडा नं. ७, ताकम |
| श्री राम बहादुर वि.क. | कार्यपालिका सदस्य |
| श्री सुवा देवी पुर्जा | कार्यपालिका सदस्य |
| श्री किनमाया घर्ती | कार्यपालिका सदस्य |
| श्री देउप्रसाद छन्त्याल | कार्यपालिका सदस्य |
| श्री तिल कुमारी के.सी. | कार्यपालिका सदस्य |
| श्री बाल कुमारी सुनार | कार्यपालिका सदस्य |
| श्री गोविन्द सुनार | प्रमुख प्रशासकीय अधिकृत |

**प्रस्तावहरुः**

१. कार्ययोजना स्वीकृत सम्बन्धमा
२. वार्षिक कार्यतालिका सम्बन्धमा
३. करको दर स्वीकृत गर्ने सम्बन्धमा
४. होमस्टे दर्ता अनुमोदन सम्बन्धमा
५. सेवा करारमा कर्मचारी भर्ना गर्ने सम्बन्धमा
६. विषय विषेशज्ञ सूचीकृत गर्ने सूचना सम्बन्धमा

७. शिक्षक व्यवस्थापन सम्बन्धमा

८. Contract terminationसम्बन्धमा

९. IEE को लागि TOR स्विकत सम्बन्धमा

१०. झोलुङ्गे पुल सम्बन्धमा

११. राहात वितरण कार्यविधी सम्बन्धमा

**निर्णयहरु:**

१. प्रस्ताव नं. १ माथी छलफल गर्दा आ.व. २०७६/०७७ को स्वीकृत वार्षिक योजना तथा कार्यक्रम कार्यान्वयन गर्नको लागि वैठकमा पेश हुन आएको कार्ययोजना स्वीकृत गरी कार्यान्वयन गर्न प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिने निर्णय गरियो।

२. प्रस्ताव नं. २ माथी छलफल गर्दा आ.व. २०७६/०७७ को गाउँसभाबाट स्वीकृत वार्षिक योजना तथा कार्यक्रमहरु सम्पादन गर्न बैठकमा पेश हुन आएको वार्षिक कार्यतालिका स्वीकृत गर्ने निर्णय गरियो।

३. प्रस्ताव नं. ३ माथी छलफल गर्दा धवलागिरी गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको धवलागिरी गाउँपालिकाको आर्थिक ऐन, २०७६ को अनुसूची ६, ७, ८, ९, १० र ११ मा उल्लेखित कर तथा शुल्क गाउँकार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ भन्ने व्यवस्था भएकोमा उल्लेखित अनुसूचीका कर तथा शुल्क गण्डकी प्रदेश सरकारको अर्थ सम्बन्धि प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन गण्डकी प्रदेश सरकारको आर्थिक ऐन, २०७६ बमोजिम निर्धारण गरी गाउँपालिका क्षेत्र भित्र लागु गर्ने निर्णय गरियो।

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा गाउँपालिकामा दर्ता भएको धवलागिरी सामुदायिक होमस्टे, मुदी र न्यू धवलागिरी सामुदायिक होमस्टे, मुनालाई अनुमोदन गर्ने निर्णय गरियो।

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा वर्षातयामको समयमा आएको पानी तथा सानो सानो पहिरोले मोटरबाटो अवरुद्ध हुन गई यातायातम सञ्चालनमा कठिनाई भएकोले सोलाई न्यूनीकरण गरी यातायात सञ्चालन गर्न बाटो सफा गर्नको लागि **मोटरबाटो सरसफाई गर्ने कार्यविधि २०७६** तर्जुमा गरी सेवा करारमा कर्मचारी भर्ना गर्ने निर्णय गरियो।

६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा गाउँपालिका भित्रका विद्यालयहरुमा करार शिक्षक छनौट गर्न धवलागिरी गाउँपालिका विद्यालयहरुमा करार शिक्षक व्यवस्थापन गर्ने सम्बन्धि कार्यविधि, २०७६ को दफा (५) मा करार शिक्षक छनौट समिति रहेको जसमा दुई जना विषय विज्ञ सदस्य रहने प्रावधान भएकोमा करार शिक्षक समितिमा विज्ञ आमन्त्रण गर्ने व्यवस्थाका लागि यस गाउँपालिका भित्रका विषय विज्ञहरुलाई सूचीकृत हुनको लागि सूचना प्रकाशन गर्ने निर्णय गरियो।

७. प्रस्ताव नं. ७ माथि छलफल गर्दा मिति २०७६।०४।२३ को कार्यपालिकाको वैठकद्वारा मर्ज हुन आएका विद्यालयका शिक्षकहरुको दरवन्दी सन्दर्भमा देहाय बमोजिम व्यवस्थापन गर्ने निर्णय गरियो।

(क)जनविकास मा.वि., मराङ्ग, दरवन्दी थप - १

(ख)चन्द्रज्योति मा.वि., खिवाङ्ग, दरवन्दी थप - १

(ग) खोरिया आ.वि., खोरिया, दरवन्दी थप - १

(घ) भूमे आ.वि., मच्छिम, दरवन्दी थप – १

मर्ज भएका विद्यालयका शिक्षकहरुको व्यवस्थापन सन्दर्भमा तपशिलमा उल्लेख भए बमोजिम व्यवस्थापन गर्ने निर्णय गरियो ।

(अ) चन्द्रज्योति आ.वि. खिवाङ्गका स्थायी शिक्षक श्री ठाकुर सुवेदीलाई जनविकास मा.वि. मराङ्गमा सरुवा गर्ने ।

(आ) जनविकास आ.वि.का शिक्षक श्री उपेन्द्र थापालाई चन्द्रज्योति मा.वि. खिवाङ्गमा सरुवा गर्ने ।

(इ) कल्लेनी आ.वि.का शिक्षक श्री लिल कुमारी सुवेदीलाई जनविकास आ.वि. अर्वाङ्गमा सरुवा गर्ने ।

(ई) कल्लेनी आ.वि. कल्लेनीका स्थायी शिक्षक श्री सुकदेव पौडेललाई ताकम मा.वि. ताकममा सरुवा गर्ने ।

(उ) चेचुङ्ग आ.वि. चेचुङ्गका राहत शिक्षक श्री क्याममाया पुनलाई चन्द्रज्योति मा.वि., खिवाङ्गमा सरुवा गर्ने ।

(ऊ) कल्लेनी आ.वि.मा रिक्त रहेका दुई वटा दरवन्दी मध्ये एक दरवन्दीको शिक्षक खोरिया आ.वि.मा र एक दरवन्दीको शिक्षक भूमे आ.वि., मच्छिममा करार शिक्षक नियुक्ति गर्ने ।

(ऋ) कल्लेनी आ.वि., चेचुङ्ग आ.वि. र जनज्योति आ.वि.मा अनौपचारीक शिक्षा कार्यक्रम/वालविकास केन्द्रको व्यवस्थापन गरी कक्षा सञ्चालन गर्ने ।

८. प्रस्ताव नं. ८ माथि छलफल गर्दा एक वडा एक प्राविधिक पदमा कार्यरत करार कर्मचारी श्री केदार सुवेदीले कार्यालयको कामकाजमा लापरवाही गर्ने, आदेशको पालना नगर्ने, कर्मचारीमाथी हातपात गर्ने जस्ता आचरणहरु गरी कर्मचारीको आचरण विपरित काम गरेको हुनाले निजको करार सम्झौता रद्द गरी सेवा करारबाट हटाउने निर्णय गरियो ।

९ प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस गाउँपालिका भित्र रहेका म्याग्दी खोला र मराङ्ग खोला बाट नदीजन्य पदार्थ (ढुगां, गिटि र वालुवा) उत्खनन् गर्ने कार्यका लागि प्रारम्भिक बातावरणीय परिक्षण कार्यसुची तयार गरी स्वीकृतिका लागि जिल्ला समन्वय समितिमा पठाउने निर्णय गरियो ।

निर्णय नं१०

यस धवलागिरी गाउँपालीका वडा नं ५ अन्तर्गत पर्ने नन्दीवाङ्ग खोला झोलुङ्गे पुल निर्माणको लागी मिति २०७५।१०।१६ गतेको निर्णय अनुसार डि.पी.आर तयार गरि आ.व ०७६/०७७ निर्माण कार्य संचालन गर्नको लागि मिलन गै.स.स लाई कार्यादेश दिईएकोमा हालको आवश्यकता र ५ नं वडा कार्यालयको निर्णय अनुसार उक्त नन्दीवाङ्गखोला झोलुङ्गे पुलको सट्टा यसै धवलागिरी गा.पा वडा नं ५ मल्कवाङ्ग स्थीत रहेको छरीखोला झोलुङ्गे पुल निर्माण गर्ने निर्णय गरियो ।

निर्णय नं ११

यस गाउँपालिका भित्र घट्ने दुर्घटना बाट हुने मानविय क्षेतिलाई राहत वितरण गर्न **राहत वितरण कार्यविधि** २०७६ तर्जुमा गरी लागु गर्ने निर्णय गरीयो ।